**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**<u>फैसला</u>**

२०७९/०८० सालको निर्णय नं. ३१७

पुनरावेदन नं. ०७७-RB-०४४२

पुनरावेदन दर्ता मितिः २०७७।१०।०७

**मुद्दाः–<u>मूल्य कायम गरिएको (M१०६४०)।</u>**

गणबहाल, काठमाडौं स्थित जि.ओ. अटोमोबाइल्स प्रा.लि., काठमाडौं (स्थायी लेखा नं.३०२५९७७०९) को तर्फबाट अधिकारप्राप्त सो कम्पनीका बित्त प्रबन्धक तेजकरण सिंघी........................................................................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया ,पर्सा..........................................१ } प्रत्यर्थी
मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ...................................१

**<u>शुरु निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालय :- सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया ,पर्सा
निर्णय गर्ने भन्सार अधिकृत :- प्रमुख भन्सार अधिकृत श्री देवीप्रसाद भण्डारी
शुरु कार्यालयको निर्णय मिति :- २०७३।०३।२३

**<u>पुनरावलोकन निर्णय गर्ने कार्यालय र अधिकारी</u>**

निर्णय गर्ने कार्यालय :- मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाण्डौ
निर्णय गर्ने पदाधिकारीहरू :- अध्यक्ष श्री रामेश्वर दंगाल
:- सदस्य श्री शिशिर घिमिरे
:- सदस्य श्री श्रीधर गौतम
निर्णय मिति :- २०७७।०५।१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्धान वरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ

:- विद्धान अधिबक्ता श्री नितेश श्रेष्ठ

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट :- विद्धान सहायक न्यायाधिबक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

मूल्याङ्कन पुनरावलोकन समिति, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७७।०५।१२ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पैठारीकर्ताले पेश गरेको पुनरावेदन पत्र यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुंदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. G.O. Automobiles Pvt. Ltd., थापाथली, काठमाण्डौं (स्थायी लेखा नं. ३०२५९७७०९) ले थाइल्याण्डवाट पैठारी गरेको हङकङ्गको RMA Group (RM Asia (HK) Limited, 36/ F, Tower Two Times Square, 1 Matheson Street, Causeway, Hong Kong ले जारी गरेको मिति 6 June, 2016 को वीजक नं. 16-030 वाट Ford Ranger Double Cab, 2.2L (2198 cc) 4x4, 6MT, RHD Model : 1XBx9D 60006 प्रति इकाइ मूल्य 17910 USD/ Unit (CFR Kolkata) गरी थान ३ को जम्मा वीजक मूल्य 53730 USD (CFR Kolkatta) सवारी साधनहरु पैठारी गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयमा भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (३) बमोजिम भन्सार मूल्य निर्धारणका लागि मिति २०७३।०३।२३ मा निवेदन सहित पेश गरेको।

२. पैठारीकर्ताले पेश गरेको वीजक तथा सम्बद्ध कागजपत्रहरु समेत अध्ययन गर्दा वास्तविक कारोवार मूल्य एकिन हुन नसकी मिति २०७३।३।२३ मा प.सं. २०७२/०७३ च.नं. ५२३३ को पत्रवाट सवारी साधन उत्पादक वितरक (आधिकारिक विक्रेता) र नेपाल स्थित आधिकारिक विक्रेता वीचको त्रिपक्षिय सम्झौता, कोटेसन तथा डिलरसीप लिंदाका कागजातहरु, सवारी साधनका विक्री वीजकहरु, कम्पनीले पालना गर्नुपर्ने शर्तहरु समेत र अन्य थप कागजात तथा प्रमाणहरु भए पेश गर्नु हुन भनी पैठारीकर्तालाई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) बमोजिम पत्राचार गरेको।

३. सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया, पर्साबाट मिति २०७३।३।२३ मा प.सं. २०७२/०७३ च.नं. ५२३३ को पत्रवाट जारी सूचनाको पैठारीकर्ताले मिति

२०७३।३।२३ मा पेश गरेको जवाफ तथा कागजातमा पहिले नै पेश गरेका कागजातलाई आधार लिई मूल्याङ्कन गरिदिनू भनी निवेदन मात्र पेश गरेको।

४. भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (४) अनुसार मूल्य कायम हुन सकेन, त्यसैगरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफाहरु (८),(९),(१०) र (११) अनुरुप पनि मूल्य कायम गर्ने आधार तथा प्रमाण भेटिएन। अन्तर भन्सार सूचनाका आधारमा वीरगंज भन्सार कार्यालयको मिति २०७३।३।२१ गतेको निर्णय र पत्रका आधारमा भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) बमोजिम मूल्य कायम गर्नु पर्ने देखियो। अतः FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4x4, 6MT, RHD MODEL: 1XBx9D60006 को मूल्य प्रति इकाई USD 22387.50 (३ वटाको USD 67162.50 CFR Kolkatta) गरी जम्मा मूल्य USD 67162.50 (CFR Kolkatta) कायम गर्ने र कोलकत्ता देखिको भाडा, विमा तथा सम्बद्ध कारोवार खर्चहरुको वीजक नभएको हुँदा अनुमानित खर्च ने. रु. 156454.00 (भाड़ा ने. रु. 115500, विमा 20954 र अन्य सम्बद्ध खर्चहरु 20000 समेत) जोडी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५)(क) बमोजिम गर्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साबाट मिति २०७३।०३।२३ मा भएको निर्णय।

५. त्यस प्रा. लि.ले थाइल्याण्डवाट पैठारी गरेको हङकङ्गको RMA Group (RM Asia (HK) Limited, 36/F, Tower Two, Times Square, 1 Matheson Street, Causeway, Hongkong ले जारी गरेको मिति 06 June 2016 को वीजक नं. 16-030 मा रहेका तपसिल बमोजिमका सवारी साधनहरुको भन्सार मूल्य कायम गर्न मिति २०७३।०३। २३ मा दिनु भएको निवेदन र तपाईंको प्रा.लि.ले पेश गरेका कागजात तथा अन्तर्राष्ट्रिय बजार मूल्य आदिका कारण मिति २०७३।३।२३ मा भएको यस कार्यालयको निर्णय मुताविक तपसिल बमोजिमको मूल्य कायम गरिएको बेहोरा जानकारी गराइन्छ। मूल्यमा चित्त नबुझेमा भन्सार ऐन, २०६४ को दफा ६१(१) बमोजिम ३० दिन भित्र पुनरावलोकनका लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने बेहोरा समेत जानकारी गराइन्छ भनी सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साका भन्सार अधिकृतबाट मिति २०७३।०३।२३ च.नं. ५२३७ को पत्रबाट पैठारीकर्तालाई मूल्य कायम गरिएको सूचना जारी गरेको।

६. प्रस्तुत विषयमा जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौ, (स्थायी लेखा नम्वर ३०२५०७७०९) ले पैठारी गरी ल्याएको FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4x4, 6MT, RHD MODEL: 1XBx9D60006 को मूल्य मालवस्तुमा सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साका भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्य प्रतिइकाई USD 22387.50 मेरो चित्त नवुझेको हुँदा निम्न तथ्य र प्रमाणका आधारमा सो निर्णय पुनरावलोकन गर्न सम्बन्धित प्रज्ञापनपत्र तथा सोसाथ

संलग्न गरी भन्सार कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरुको प्रतिलिपि र भन्सार अधिकृतले दिएको लिखित सूचनाको प्रतिलिपि संलग्न गरी मूल्यांकन पुनरावलोकन गरी पाउँ भन्ने विषयमा यो निवेदन गरेको छु भनी जि.ओ. अटोमोवाइल्स प्रा.लि., थापाथली, काठमाण्डौले मूल्याङ्कन पुनरावलोकन समितिमा मिति २०७३।०४।०४ मा पेश गरेको निवेदन पत्र।

७. WTO Valuation पद्धति अनुसार भन्सार अनुसार भन्सार ऐन,२०६४ को कुन दफा तथा उपदफा अनुसार मालबस्तुको मूल्य निर्धारण गरिएको सो स्पष्ट खुल्ने गरी गरिएको निर्णय पर्चा, मूल्य पुष्टयाई गर्ने आधार प्रमाण कागजातहरू (जस्तैः Identical/Similar, Asycuda Data, Website, Mail Correspondence) /स्थानीय बजारको आधारमा भन्सार मूल्य निर्धारण गरेको स्थानिय खरीद विलको प्रतिलिपि लगायतका कागजातहरू उपलब्ध गराईदिनु भन्नेसमेत बेहोराको मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७३।०४।२० मा पैठारीकर्ताको नाममा लेखिएको पत्र।

८. आयातित मालबस्तुको अन्तिम गन्तव्य वा विक्री तहसम्मको लागत विवरण, MRP उल्लेख भएको मालबस्तुको प्याकिङ्ग लेवलको नमूना,पैठारी गरेको मालबस्तुको कम्पनीको आधिकारिक मूल्यसूची, Check List र Bill of Export लगायतका विवरणहरू पेश गर्नु भन्ने मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७३।०४।२० मा नै पैठारीकर्ताको नाममा लेखिएको अर्को पत्र।

९. एक भन्सार कार्यालयले अर्को भन्सार कार्यालयको निर्णयको आधार लिनुलाई अन्यथा मान्नपनि मिल्दैन। गाडीको प्रकृति, क्षमता, विशेषता, मोडल आदि फरक रहेछ भने पनि पैठारीकर्ताले प्राविधिक परीक्षण र विश्लेषण सहित प्रमाणित गरी शुरु भन्सार कार्यालयमा नै विवादको निरुपण गर्नुपर्नेमा सो पनि गरेको देखिएन, निर्णय भए पछि पनि भन्सार अधिकृतले प्रयोग गरेको भन्सार ऐन, २०६४ को दफा १३ (१२) किन आकर्षित हुनुनपर्ने, र भन्सार अधिकृतले सन्दर्भ लिएका पूर्व निर्णय र सवारी साधनमा रहेका आधारभूत भिन्नता र समानता वारेमा प्राविधिक विश्लेषण सहित पुष्टि गर्ने प्रयास गरेको नदेखिनु र मूल्य निर्धारणको प्रमुख आधार मानिएको वीरगंज भन्सार कार्यालयको मिति २०७३।०३।२१ को निर्णय उपर यस समितिमा परेको पुनरावलोकनको निवेदनमा भन्सार अधिकृतको निर्णय सदर भएको मिति २०७७।४।१६ को अभिलेख समेत रहेको हुनाले सुख्खा वन्दरगाह भन्सार कार्यालयले WTO Valuation पद्धति अनुसार भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम मिति २०७३।०३।२३ मा मूल्य निर्धारण गरी गरेको निर्णय सदर हुने ठहर्छ भन्ने समेत बेहोराको मूल्याङ्कन पुनरावलोकन समितिबाट मिति २०७७।०५।१२ मा भएको निर्णय।

१०. त्यस फर्मले श्री सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट देहाय बमोजिमका मालवस्तु पैठारी गर्दा उक्त कार्यालयले कायम गरेको मूल्य उपर चित्त नबुझाई मूल्य पुनरावलोकनको लागि निवेदन दिनु भएकोमा मिति २०७७।०५।१२ मा बसेको यस समितिको बैठकले निम्न अनुसार मूल्य कायम गर्ने निर्णय गरेको बेहोरा जानकारी गराइएको छ। मूल्याङ्कन पुनरावलोकन समितिको यस निर्णय उपर चित्त नबुझेमा भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन जान सकिने कानूनी व्यवस्था रहेको समेत जानकारी गराइन्छ भनी च.नं. ८१० को पत्रबाट पैठारीकर्तालाई मिति २०७७।०६।०१ मा निर्णयको जानकारी गराएको।

११. यसमा Ford कम्पनीको एक मात्र आधिकारीक एजेन्ट पुनरावेदकले पैठारी गरेको उपरोक्त सवारी साधनको कारोवार मूल्य प्रमाणित गर्ने Pro-forma Invoice, Certificate of origin, Letter of Credit, Commercial Invoice, Bill of lading समेत पेश गरेको हुँदा ऐनको दफा १३ (१),(२),(३) र (४) अनुसार कारोवार मूल्यको आधारमा भंसार मूल्य कायम गरिनुपर्ने र सो अनुसार भन्सार मूल्य कायम हुन नसकेको अवस्थामा मात्र दफा १३(६) र (७) बमोजिम प्रक्रिया अवलम्बन गरी दफा १३(८) बमोजिम आइडेन्टिकल गुडसको कारोवार मूल्यका आधारमा भंसार मूल्य कायम गर्न सकिने हो। त्यस्तो आइडेन्टिकल गुडस पैठारी सम्बन्धी प्रमाण आधार नरहेको स्थितिमा मात्र त्यसपछिका दफा १३(९),(१०),(११),(१२) का प्रावधानहरू क्रमशः आकर्षित हुन सक्ने हो। ती दफा १३ को उपदफा (६) देखि (११) सम्मका प्रक्रियाहरूको कुनै उल्लेख नगरी एकाएक दफा १३ (१२) को प्रयोग गरी बीरगंज भन्सार कार्यालयबाट मिति २०७३।०३।२१ मा यस प्रा.लि.ले पैठारी गरेको FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC) 4X4, 6MT, RHD MODEL CODE IXBX9B60002 को गाडीको सम्बन्धमा निर्णय भएकोमा त्यसलाई आधार बनाई अर्कै र फरक मोडल FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4X4 6MT MODEL CODE IxBx9D60006 को सवारी गाडी समेतलाई विचार नै नगरी हचुवाको भरमा एक भन्सार कार्यालय र अर्को भन्सार कार्यालयले कायम गर्ने मूल्य सामान्यतया एकरूपता रहनु तथा एक भन्सार कार्यालयले अर्को भन्सार कार्यालयको निर्णयको आधार लिनुलाई अन्यथा मान्न मिल्दैन भनि वीरगंज भन्सार कार्यालयबाट भएको निर्णयलाई आधार बनाई सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णयलाई सदर गर्ने गरी भएको निर्णय कानून, तथ्य र न्याय संगत अन्यायपूर्ण हुँदा वदर भागी छ भन्नेसमेत बेहोराको पैठारीकर्ता जि.ओ.अटोमोवाइल्स प्रा.लि.को तर्फबाट यस न्यायाधिकरणमा मिति २०७७।१०।०७ मा दर्ता भएको पुनरावेदन पत्र।

१२. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई पेशीको सूचना दिई

नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९।११।१२ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१३. नियम वमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, शुरु कार्यालयबाट प्राप्त मिसिल समेत अध्ययन गरी पुनरावेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिबक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिबक्ता श्री नितेश श्रेष्ठले पैठारीकर्ताले बीरगंज भन्सार कार्यालयबाट मिति २०७३।०३।२१ मा पैठारी गरेको FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC) 4X4, 6MT, RHD MODEL CODE IXBX9B60002 को गाडीको सम्बन्धमा निर्णय भएकोमा त्यसलाई आधार बनाई अर्कै र फरक मोडल FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4X4 6MT MODEL CODE IxBx9D60006 को सवारी गाडी समेतलाई विचार नै नगरी हचुवाको भरमा एक भन्सार कार्यालय र अर्को भन्सार कार्यालयले कायम गर्ने मूल्य सामान्यतया एकरूपता रहनु तथा एक भन्सार कार्यालयले अर्को भन्सार कार्यालयको निर्णयको आधार लिनुलाई अन्यथा मान्न मिल्दैन भनि वीरगंज भन्सार कार्यालयबाट भएको निर्णयलाई आधार बनाई सुख्खा बन्दरगाह भन्सार कार्यालयको निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समिति त्रिपुरेश्वरबाट भएको निर्णय समेत कानूनसम्मत नभएको हुँदा बदर गरी पाउँ भनी गर्नुभएको वहस समेत सुनियो।

१४. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिबक्ता श्री संगिता थोकरले शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालय र मूल्यांकन पुनरावलोकन समितिबाट भन्सार ऐन, २०६४ को दफा १३ उपदफा (१२) बमोजिम मूल्य निर्धारण गरी भएको निर्णय कानूनसम्मत रहेको हुँदा सदर होस भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

१५. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिर, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियाबाट कायम गरिएको मूल्य र सोही निर्णय सदर गर्ने गरी मूल्यांकन पुनरावलोकन समितिबाट भएको निर्णय समेत मिलेको छ, छैन? पुनरावेदक पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ बिचार गर्दा पैठारीकर्ता G.O. Automobiles Pvt. Ltd., थापाथली, काठमाण्डौं (स्थायी लेखा नं. ३०२५९७७०९) ले थाइल्याण्डबाट पैठारी गरेको हङकङ्गको RMA Group (RM Asia (HK) Limited, 36/ F, Tower Two Times Square, 1 Matheson

Street, Causeway, Hong Kong ले जारी गरेको मिति 6 June, 2016 को वीजक नं. 16-030 बाट Ford Ranger Double Cab, 2.2L (2198 cc) 4x4, 6MT, RHD Model : 1XBx9D60006 प्रति इकाइ मूल्य 17910 USD/ Unit (CFR Kolkata) गरी थान ३ को जम्मा वीजक मूल्य 53730 USD (CFR Kolkatta) सवारी साधनहरु पैठारी गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयमा भन्सार ऐन २०६४ को दफा १३ को उपदफा (३) बमोजिम बमोजिम भन्सार मूल्य निर्धारणका लागि निवेदन पेश गरेको देखिन्छ। FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4x4, 6MT, RHD MODEL: 1XBx9D60006 को मूल्य प्रति इकाई USD 22387.50 (३ वटाको USD 67162.50 CFR Kolkatta) गरी जम्मा मूल्य USD 67162.50 (CFR Kolkatta) कायम गर्ने र कोलकत्ता देखिको भाडा, विमा तथा सम्बद्ध कारोवार खर्चहरुको वीजक नभएको हुँदा अनुमानित खर्च ने. रु. 156454.00 (भाड़ा ने. रु. 115500, विमा 20954 र अन्य सम्बद्ध खर्चहरु 20000 समेत) जोडी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१५)(क) बमोजिम गर्ने गरी सुख्खा बन्दरगाह भन्सार कार्यालय, पर्साबाट मिति २०७३।०३।२३ मा निर्णय भएको देखिन्छ। मूल्य निर्धारणको प्रमुख आधार मानिएको वीरगंज भन्सार कार्यालयको मिति २०७३।०३।२१ को निर्णय उपर मूल्यांकन पुनरावलोकन समितिमा परेको पुनरावलोकनको निवेदनमा भन्सार अधिकृतको निर्णय सदर भएको मिति २०७७।४।१६ को अभिलेख समेत रहेको हुनाले सुख्खा वन्दरगाह भन्सार कार्यालयले WTO Valuation पद्धति अनुसार भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (१२) वमोजिम मिति २०७३।०३।२३ मा मूल्य निर्धारण गरी गरेको निर्णय सदर हुने गरी मूल्याङ्कन पुनरावलोकन समितिबाट समेत मिति २०७७।०५।१२ मा निर्णय भएको देखिन्छ। बीरगंज भन्सार कार्यालयबाट मिति २०७३।०३।२१ मा यिनै पैठारीकर्ताले पैठारी गरेको FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC) 4X4, 6MT, RHD MODEL CODE IXBX9B60002 को गाडीको सम्बन्धमा निर्णय भएकोमा त्यसलाई आधार बनाई अर्कै र फरक मोडल FORD RANGER, DOUBLE CAB, 2.2L (2198CC) 4X4 6MT MODEL CODE IxBx9D60006 को सवारी गाडीमा समेतलाई विचार नै नगरी हचुवाको भरमा एक भन्सार कार्यालय र अर्को भन्सार कार्यालयले कायम गर्ने मूल्य सामान्यतया एकरूपता रहनु तथा एक भन्सार कार्यालयले अर्को भन्सार कार्यालयको निर्णयको आधार लिनुलाई अन्यथा मान्न मिल्दैन भनि वीरगंज भन्सार कार्यालयबाट भएको निर्णयलाई आधार बनाई कार्यालयको निर्णयलाई सदर गर्ने गरी मूल्याङ्कन पुनरावलोकन समितिबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै पैठारीकर्ताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

१७. पुनरावेदक पैठारीकर्ताले मिति २०७३।०३।२३ मा भन्सार ऐन, २०६४ को दफा १३(३) वमोजिम सवारी साधन पैठारी गर्दा घोषणा गरेको कारोबार मूल्यलाई अध्ययन

गर्दा उक्त मूल्य Asycuda Database अन्य सूचना प्रणाली तथा लोकल मूल्य भन्दा कम भएको भन्ने प्रमुख भन्सार अधिकृतको विश्लेषण रहेको देखिन्छ। भन्सार ऐन, २०६४ को दफा १३(६) मा *"पैठारीकर्ताले उपदफा (३) वमोजिम घोषणा गरेको मूल्य शंङ्कास्पद छ भन्ने विश्वास गर्नुपर्ने मनासिव कारण भएमा भन्सार अधिकृतले निजसँग त्यस्तो मूल्य वास्तविक कारोवार मूल्य हो भनी प्रमाणित गर्न थप कागजात वा प्रमाण लिखित रुपमा माग गर्न सक्नेछ। त्यसरी माग भएका कागजात उपलब्ध गराउने जिम्मेवारी त्यस्तो पैठारीकर्ताको हुनेछ।"* भन्ने व्यवस्था रहेको देखिन्छ। पैठारीकर्ताले उक्त ऐनको व्यवस्था वमोजिम घोषणा गरेको मूल्य नै वास्तविक मूल्य हो भन्ने पुष्टी गर्ने थप प्रमाण कागज केही पेश नगरी पहिला पेश भएको कागजात र प्रमाणको आधारमा नै मूल्यांकन गरिदिनु हुन भनी मिति २०७३।०३।२३ मा निवेदन पेश गरेको मिसिलबाट देखियो। यसबाट पैठारीकर्ताले आफ्नो कानून बमोजिमको जिम्मेवारी पूरा गरेको पाइएन। भन्सार ऐन, २०६४ को दफा १३(८) ले *"कारोबार मूल्यको आधारमा भन्सार मूल्य निर्धारण गर्न नसकिएमा त्यस्तो मालवस्तुको भन्सार मूल्य त्यस्तो मालबस्तु पैठारी हुनु भन्दा पहिले नेपालमा पैठारी भईसकेको समरूपको मालबस्तु (आईडेण्टिकल गुडस) को कारोबार मूल्यको आधारमा निर्धारण गरिनेछ।"* भन्ने कानूनी व्यवस्था निर्दिष्ट गरेको छ। यसरी सोही व्यवस्था अनुसार नै बीरगंज भन्सार कार्यालयबाट मिति २०७३।०३।२१ मा यिनै पैठारीकर्ताले पैठारी गरेको FORD RANGER, DOUBLE CAB, 3.2L (3198CC) 4x4, 6MT, RHD MODEL CODE IWBX9B60002 को मूल्य USD 19015.00 कायम हुने गरी निर्णय भएकोले सोलाई समेत आधार लिई पैठारीकर्ताले घोषणा गरेको मूल्य प्रतिइकाई मूल्य 17910 USD अमान्य गर्ने र प्रतिइकाई मूल्य 22387.50 USD कायम गर्नेगरी सुख्खा बन्दरगाह भन्सार कार्यालयले गरेको निर्णय गरेको देखियो।

१८. भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (१२) मा "*उपदफा (११) बमोजिम भन्सार मूल्य निर्धारण गर्न नसकिएमा भन्सार अधिकृतले उपदफा (२),(८),(९),(१०) र (११) विपरीत नहुने गरी मनासिब आधारमा त्यस्तो मालबस्तुको भन्सार मूल्य निर्धारण गर्नेछ*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। त्यस सम्बन्धमा हेर्दा, पैठारीकर्ताले पेश गरेको वीजक तथा सम्बद्ध कागजपत्रहरु समेत अध्ययन गर्दा वास्तविक कारोवार मूल्य एकिन हुन नसकी मिति २०७३।३।२३ मा च.नं. ५२३३ को पत्रवाट कागजात,प्रमाणहरु वा कुनै सूचनाहरू भए पेश गर्नु हुन भनी पैठारीकर्तालाई भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (६) बमोजिम पत्राचार गरेकोमा पैठारीकर्ताले मिति २०७३।०३।२३ मा पेश गरेको जवाफमा पहिले नै पेश गरेका कागजातलाई आधार लिई मूल्याङ्कन गरिदिनु भनी निवेदन मात्र पेश गरेको देखियो। यसरी पैठारीकर्ताले घोषित मूल्यलाई प्रमाणित गर्ने तथ्यपरक

प्रमाण पेश गरेको नदेखिएकोले घोषित मूल्य वास्तविक मूल्य हो भन्न सकिने अवस्था देखिएन। भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (११) बमोजिम कम्प्युटेड भ्यालु मेथड अनुसार भन्सार मूल्य निर्धारण गर्न सकिने आधार विद्यमान थियो भनी पैठारीकर्ताले भन्न सकेको पनि पाइएन। यस स्थितिमा शुरु भन्सार अधिकृतले मनासिव आधारमा मालवस्तुको मूल्य निर्धारण गरेको र उक्त मूल्य यो यसरी भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा (२),(८),(९),(१०), र (११) विपरीत छ भनी पैठारीकर्ताले ठोस आधार सहित जिकिर लिएको पनि देखिएन। अतः शुरु सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सिया पर्साको मिति २०७३।३।२३ च.नं. ५२३३ र मूल्यांकन पुनरावलोकन समितिको मिति २०७३।०४।२० च.नं.१० को पत्रबाट पैठारीकर्तालाई जानकारी गराई आवश्यक कागज प्रमाण पेश गर्ने मौका समेत प्रदान गरी आधार र कारण सहित भन्सार ऐन, २०६४ को दफा १३(१२) बमोजिम मूल्य निर्धारण गरिएको निर्णयलाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। सुख्खा बन्दरगाह भन्सार कार्यालयले अर्कै मोडल र विशेषता रहेको गाडीको समान मूल्य कायम गरेको नभै उक्त बीरगंज भन्सार कार्यालयले कायम गरेको मूल्य भन्दा फरक प्रतिइकाई मूल्य USD 22387.50 कायम गरेको देखिँदा पैठारीकर्ताको पुनरावेदन पत्र तथ्यमा आधारित नरहेकोले सहमत हुन सकिएन।

१९. तसर्थ, उल्लिखित आधार र कारणबाट पुनरावेदक पैठारीकर्ता G.O. Automobiles Pvt. L.T.D (स्थायी लेखा नं. ३०२५९७७०९) ले वीजक नं. 16-030 तारिख 6 June 2016 बाट तीन थान Ford Ranger Double cab 2.2l (2198cc) सवारी साधन मिति २०७३।०३।२३ मा आयात गरी जाँचपाँसको लागि सुख्खा बन्दरगाह भन्सार कार्यालय सिर्सियामा पेश गरेकोमा भन्सार ऐन,२०६४ को दफा १३ को उपदफा (१२) बमोजिम मूल्य कायम गरी सुख्खा बन्दरगाह भन्सार कार्यालयबाट मिति २०७३।०३।२३ मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी मूल्याकंन पुनरावलोकन समितिबाट मिति २०७७।०५।१२ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। पैठारीकर्ताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौंलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल सुख्खा वन्दरगाह भन्सार कार्यालय, सिर्सिया,पर्सा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
इजलास अधिकृतः- सरिता रिजाल
कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली
फैसला मितिः- २०७९।१२।३०।५
प्रमाणीकरण गर्ने लेखा सदस्यः-
फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप